# भोक्राहा नरसिंह गाउँपालिकाको कार्यक्रम खर्च सम्बन्धी मापदण्ड कार्यविधि

**२०७७**

भोक्राहा नरसिंह गाउँ पालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिरौली, सुनसरी

१ नं. प्रदेश

# भोक्राहा नरसिंह गाउँ पालिकाको कार्यक्रम खर्च सम्बन्धी मापदण्ड कार्यविधि २०७७

**प्रस्तावना :** भोक्राहा नरसिंह गाउँ पालिका, गाउँ कार्यपालिकाको कार्यालय द्धारा संचालन तथा कार्यक्रमहरुमा विनियोजन बजेट खर्च गर्दा खर्च शिर्षक र सोको बजेट सम्बन्धी मापदण्ड तयार गरि सुशासन, पादर्शिता र मितव्यीता कायम गर्नको लागि यस कार्यक्रम खर्च मापदण्डको आवश्यकता महसुश भएको हो । सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ को अधिन भित्र रहि भोक्राहा नरसिंह गाउँ पालिकाको प्रशासकिय कार्यविधी (नियमित गर्ने) ऐन २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यक्रम खर्च सम्बन्धी मापदण्ड तथा कार्यविधी २०७७ भोक्राहा नरसिंह गाउँ कार्यपालिकाको मिती २०७७।०८।३० गते को बैठकले स्वीकृत गरि लागु गरिएको छ ।

**१. खर्चको मापदण्ड :** भोक्राहा नरसिंह गाउँ पालिकाक, गाउँ कार्यपालिकाको अनुदानबाट संचालन हुने कार्यक्रम तथा लक्षित वर्गको ज्ञान सिप र क्षमता विकासका लागि यस गाउँमा संचालन हुने लालिम, गोष्ठी, अन्तरक्रिया, सेमिनार, सभा, सम्मेलन, प्रतियोगीता आदी जस्ता कार्यक्रम संचालन गर्दा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको बजेट शिर्षक र खर्चको मापदण्ड यस कार्यविधीले तोके बमोजिम हुनुपर्नेछ ।

**२. सहभागी/बैठक भत्ता :** भोक्राहा नरसिंह गाउँ पालिका अन्तर्गत संचालन हुने वडा तथा नगरि स्तरिय कार्यक्रमहरुमा सहभागी हुने सहभागीहरुको लागि कुनै प्रकारको भत्ता उपलब्ध गराईने छैन । सहभागीहरुको यातायात खर्च, खाना तथा खाजा खर्च भने कार्यविधी बमोजिम उपलब्ध गराउन सकिनेछ ।

**३. विषयगत तालिम :** भोक्राहा नरसिंह गाउँ पालिका, गाँउ कार्यपालिकाको कार्यलय अन्तर्गत संचालन हुने सबै प्रकारको तालिम, गोष्ठी, सेमिनार, कार्यशाला, अन्तरक्रिया संचालन सम्बन्धी मापदण्ड र भ्रमण खर्च तपशिल बमोजिम हुनुपर्ने छ ।

| **सि.नं.** | **विवरण** | **दर रु.** | | **स्पष्टिकरण** |
|---|---|---|---|---|
| | | **गाउँ स्तरिय** | **वडा स्तरिय** | |
| १ | तालिम, गोष्ठि, सेमिनार, कार्यशाला अभिमुखिकरण, अन्तरक्रिया कार्यक्रम (अधिकतम ७ दिन सम्म) प्रमुख सहजकर्ता ।<br>अधिकृत स्तर भन्दा माथी (प्रति सत्र)<br>अधिकृत स्तर (प्रति सत्र)<br>सहायक स्तर (प्रति सत्र)<br>सम्बन्धीत विषयमा TOT तालिम प्राप्त (प्रति सत्र) | <br><br>२५००।<br>१५००।<br>१०००।<br>७००। | <br><br>२५००।<br>१५००।<br>१०००।<br>७००। | प्रति १.५ घन्टाको एक सत्र हुनेछ । दैनिक ४ सत्र भन्दा बढी हुने छैन । सहजकर्ताले निर्धारित विषयमा प्रस्तुत गरेको कार्यपत्र टिप्पणी तथा विषय बस्तुको विस्तृत प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ । |
| २. | कार्यपत्र/ hand out बापत प्रति सत्र तयारी | ७००। | ७००। | कार्यपत्र कम्तीमा १५ सय शब्दको हनुपर्नेछ । सो कार्यपत्र बाईन्डीङ गरि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । |
| ३. | तालिम प्रति सहभागी स्टेशनरी | १००। | १००। | |

| | | | | |
|---|---|---|---|---|
| ४. | सहभागी खाना | ३५०। | ३५० | तालिम अवधी विहान देखी बेलुका सम्म प्रति दिन ४ सत्र अनिवार्य भएको हुनु पर्नेछ । |
| ५. | सहभागी चिया, खाजा | २००। | २००। | |
| ६. | हल भाडा प्रति दिन (एसी प्रयोग भएमा) | ४०००। | ४०००। | |
| ७. | हल भाडा प्रति दिन (एसी प्रयोग नभएमा) | ३०००। | ३०००। | |
| ८. | भोक्राहा नरसिंह गाउँ पालिकाको गाउा सभा गाँउ कार्यपालिका, विषयगत समितीहरुको बैठक बस्दा आवश्यक पर्ने खाना खाजा खर्च प्रति व्यक्ति<br>खाना<br>खाजा | <br>३५०।<br>१५०। | | |

**५. सीप बिकास लालिम :**

| सि.नं. | विवरण | दर रु. | | स्पष्टिकरण |
|---|---|---|---|---|
| | | गाउँ स्तरिय | वडा स्तरिय | |
| १. | सीप बिकास तालिम ३० कार्य दिन समय भएको तालिम भएमा ।<br>अधिकृत स्तर प्रमुख प्रशिक्षक (प्रति दिन २ सत्र अनिवार्य )<br>सहायक स्तर प्रति दिन<br>सम्बन्धीत विषयमा कम्तीमा तह १, २ वा TOT तालिम (प्रति पत्र)<br>हसजकर्ता hand out बापत प्रति दिन प्रति सहभागी खाजा<br>प्रति सहभागी खाजा | १०००।<br>८००।<br>६००।<br>२००।<br>१००।<br>१००। | १०००।<br>८००।<br>६००।<br>२००।<br>१००।<br>१००। | तालिम संचालन गर्ने विषयहरुको विषय बस्तु पाठ योजना अनिवार्य रुपमा पेश गरी सोही बमोजिम तालिम संचालन हुनु पर्नेछ । |
| २. | हल भाडा प्रति दिन | २०००। | २०००। | |
| ३. | सीप बिकास तालिम ३० कार्य दिन भन्दा माथी भएको तालिम भएमा मासिक रुपमा प्रति महिना<br>अधिकृत स्तर प्रमुख प्रशिक्षक (प्रति महिना ६० कक्षा अनिवार्य )<br>सहायक स्तर (प्रति महिना ६० कक्षा अनिवार्य हुनुपर्नेछ । )<br>सम्बन्धीत विषयमा कम्तीमा तह १, २ वा TOT तालिम प्राप्त (प्रति सत्र)<br>हसजकर्ता hand out बापत प्रति दिन प्रति सहभागी खाजा<br>प्रति सहभागी खाजा | २५०००।<br>२००००।<br>१५०००।<br>१५०।<br>१२५।<br>७५। | २५०००।<br>२००००।<br>१५०००।<br>१५०।<br>१२५।<br>७५। | तालिम संचालन गर्ने विषयहरुको विषय बस्तु पाठ योजना अनिवार्य रुपमा पेश गरी सोही बमोजिम तालिम संचालन हुनु पर्नेछ । |
| ४. | हल भाडा प्रति दिन | ५००। | ५००। | |

**६. दिवस, सभा, भेला र सम्मेलन :**

| सि.नं. | विवरण | दर रु. | | स्पष्टिकरण |
|---|---|---|---|---|
| | | गाउँ स्तरिय | वडा स्तरिय | |
| १. | दिवस, सभा, सुनुवाई, भेला सम्मेलन आदिमा सभा सम्वोधन, कार्यपत्र प्रस्तुत गर्ने अतिथि सहजकर्ता प्रति सत्र<br>कार्यपत्रमा टिप्पणीकर्ता, प्रीतवेदन<br>खाजा<br>स्टेशनरी | १५००।<br>१०००।<br>७५।<br>५०। | १५००।<br>१०००।<br>७५।<br>५०। | सभा सम्वोधन, कार्यपत्र तथा टिप्पणी प्रतिवेदन सक्कल ब्यान्डीङ प्रति अनिवार्य पेश गर्नुपर्नेछ । |

**७. लेख रचना तथा प्रकाशन वा प्रतिवेदन :**

| सि.नं. | विवरण | दर रु. | | स्पष्टिकरण |
|---|---|---|---|---|
| | | गाउँ स्तरिय | वडा स्तरिय | |
| १. | कुनै पनि कार्यक्रमको विषयमा लेख रचना प्रकाशन वा प्रतिबेदन पारिश्रमिक ।<br>कार्यपत्रमा टिप्पणीकर्ता, प्रीतवेदन<br>खाजा<br>स्टेशनरी | १५००।<br>१०००।<br>७५।<br>५०। | १५००।<br>१०००।<br>७५।<br>५०। | सभा सम्वोधन, कार्यपत्र तथा टिप्पणी प्रतिवेदन सक्कल ब्यान्डीङ प्रति अनिवार्य पेश गर्नुपर्नेछ । |

**८. अनुगमन खर्च :**

यस गाउँ पालिकामा संचालित कार्यक्रम तथा आयोजनाहरुको अनुगमन गर्दा संघिय सरकारबाट स्वीकृत दैनिक भ्रमण खर्च नियमावली २०६४ बमोजिम हुनेछ ।

९. गाउँ स्तरीय प्रशिक्षकहरुको लागि तह अनुसार आवास तथा खाना खर्च दैनिक भ्रमण खर्च नियमावली २०६४ बमोजिम दैनिक भ्रमण खर्च उपलब्ध गराइनेछ ।

**१०. यातायात तथा ईन्धन :**

कार्यक्रम संचालन गर्दा कार्यक्रम आयोजक, प्रशिक्षक तथा अनुगमनकर्ताको लागि आवश्यक पर्ने यातायात भाडा प्रचलित भाडा दर बमोजिम उपलब्ध गराईनेछ । इन्धनको हकमा मोटरसाइकलका लागि प्रति २५ कि.मि. बरावर १ लिं पेट्रोल उपलब्ध गराईनेछ । गाडिको हकमा प्रति ५ कि.मि. बराबर १ ली. डिजल/पेट्रोल को खर्च उपलब्ध गराइनेछ । सहभागीहरुको हकमा सोही वडा भित्र प्रति दिन रु. ५०, सोही जोडिएको वडाको सहभागी हुनुपर्ने भएमा प्रति दिन रु. १०० र सिमाना जोडीएको अर्को वडाबाट सहभागी भएमा प्रति दिन रु.१५० र बाकी अन्य वडाबाट सहभागी भएमा प्रतिदिन रु.२०० का दरले यातायात खर्च उपलब्ध गराईनेछ । कार्यालयको तर्फबाट सहभागी हुने कर्मचारीहरुको लागि समेत सोही बमोजिम यातायात खर्च उपलब्ध गराईने छ ।

**११.** यस भोक्राहा नरसिंह गाउँ पालिकाको कुनै पनि कार्यक्रम संचालन गर्दा सेवा प्रदायक संस्था/फर्म/व्यक्तिहरु सँग सेवा लिनु पर्ने भएमा सुचिकृत सस्थाहरुबाट मात्र सेवा लिनु पर्नेछ । यसरी सेवा लिदा रु. १ लाख भन्दा कमका कार्यक्रमहरु वार्ताबाट सोझै लिनु पर्दा एक आर्थिक बर्षमा एकै संस्थाबाट रु.१ लाख सम्मको मात्र सेवा लिन सकिनेछ भने अन्यको हकमा कम्तीमा ०७ दिने सार्वजनिक सुचना प्रकाशन गरी सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४

बमोजिमको छनोट प्रकृया पुरा गरी छनोटमा परेको सेवा प्रदान गर्ने संस्था/फर्म/व्यक्तिहरुबाट मात्र कार्यक्रम संचालन गर्नुपर्ने छ।

**१२. विविध :**

यस कार्यविधीमा समावेश भएको विषयहरु सोही बमोजिम र नभएका विषयहरु नेपाल सरकार तथा भोक्राहा नरसिंह गाउँ पालिकाको सम्बन्धीत ऐन, नियमावली, कार्यविधी बमोजिम हुनेछ।

**१३. संशोधन, वाधा अड्काउ तथा खारेजी :** यस कार्यविधीमा कुनै पनि संशोधन तथा बाधा अड्काउ परेमा भोक्राहा नरसिंह गाउँ पालिकाको निर्णय बमोजिम संशोधन, बाधा अड्काउ तथा खारेजी गर्न सक्नेछ।

स्वीकृती मिती : २०७७/०८/२२